− + Automatic Zoom

# हेटौंडा औद्योगिक क्षेत्रमा उद्योग स्थापनाको लागि जग्गा प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/२३

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, संचालक समितिको मिति २०८२/०३/०१ मा बसेको बैठक नं ३५, निर्णय नं. १२५/२०८१/०८२, को निर्णय बमोजिम हेटौंडा औद्योगिक क्षेत्र भित्रको जग्गा सम्झौता रद्ध भएको उद्योगको तपशिलका संरचना जन्य सम्पत्तिहरुको निम्न मुल्यांकनमा नघट्ने गरि तथा उद्योगबाट फिर्ता लिईएको खाली जमिनमा औद्योगिक क्षेत्र संचालन तथा व्यवस्थापन विनियमावली २०७१ (संशोधन सहित) बमोजिम नयाँ उद्योग संचालन गर्न नेपाल सरकारबाट ईजाजतपत्र प्राप्त ईच्छुक उद्योग/उद्यमीहरुबाट उद्योग संचालन गर्न आवश्यक जमिन, विद्युत, पानी, सडक, ढल आदि जस्ता पूर्वाधारयुक्त जमिन विनियम ५ को उपविनियम १.१ बमोजिमका उत्पादनमूलक उद्योगहरु बीच प्रतिस्पर्धा र पारदर्शिताका आधारमा भाडामा लगाउनुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको मितिले २१औं दिनभित्र शिलबन्दी प्रस्ताव खरिद गरी २२औं दिनको १२:०० बजे भित्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। प्रस्ताव सम्बन्धि अन्य शर्तहरु कार्यालयको सुचना पाटी तथा वेभसाइट www.izml.gov.np मा राखिएको छ।

| जमिन रहेको स्थान संकेत | जग्गा (रोपनी) | साबिक उद्योगद्वारा निर्मित जम्मा संरचना | भौतिक संरचनाको मुल्यांकित रकम (मु.अ.कर सहित) जमिन बाहेक |
|---|---|---|---|
| NE-9 | ६.०० | एकमुष्ठ | रु ७,५३,१३७.७१ |
| S-57 | १२.८५ | नभएको | ० |

विस्तृत जानकारीको लागि कार्यालय समयभित्र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रिय कार्यालय, बालाजु तथा शाखा कार्यालय, हेटौंडा औद्योगिक क्षेत्रमा सम्पर्क गर्न सकिनेछ।

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**
(नेपाल सरकारको स्वामित्व भएको)
**शाखा कार्यालय, हेटौंडा औद्योगिक क्षेत्र**
**हेटौंडा - ८, मकवानपुर फोन नं - ०५७ -४१२२०९**

गोरखापत्र मा प्रकाशित सूचना
(मिति = २०८२/३/२३)

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

## शाखा कार्यालय, हेटौडा औद्योगिक क्षेत्र

### हेटौडा औद्योगिक क्षेत्रमा उद्योग स्थापनाको लागि जग्गा प्रस्ताव आव्हानको सूचनाका शर्तहरु

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/२३**

१.**दरखास्त फाराम खरिदः**

प्रस्ताबित नयाँ उद्योग र उद्यमीले प्लट नं NE-9 को लागि रु १०००.००(एक हजार रुपैयाँ) तथा प्लट नं S -57 को लागि रु.२०००.०० (दुइ हजार रुपैयाँ) शुल्क तिरी (फिर्ता नहुने) खरिद गरी प्रस्ताव फाराम भरी प्रस्ताव साथ पेश गर्नुपर्ने छ ।

२.**प्रस्ताव फाराम पाइने स्थानः** औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,केन्द्रिय कार्यालय, बालाजु तथा शाखा कार्यालय हेटौडा औद्योगिक क्षेत्र, मकवानपुर ।

३.**सिलबन्दी प्रस्ताव दाखिला :**

उद्योग वा प्रस्तावित व्यवसाय गर्न चाहने उद्योगका संचालकले प्रस्ताव फाराम प्रथम पटक प्रकाशित मितिले २१ औं, दिन अर्थात मिति २०८२/०४/११ गते कार्यालय समय भित्र खरिद गर्न सक्नेछन् । उद्योगका संचालकले प्रस्ताव फारामको प्रत्येक पाना अध्ययन गरेर रितपुर्वक भरी सहीछाप गरी प्रस्तावमा उल्लेखित कागजपत्रहरु स्वयंद्वारा प्रतिलिपि प्रमाणित गरी पेश गर्नुको साथै बुँदा नं.४ बमोजिम नगद जम्मा गरेको भौचर संलग्न गरी सो प्रस्ताव सिलबन्दी गरी खामबाहिर उद्योग/फर्मको नाम, ठेगाना तथा लिन चाहेको प्लट नं प्रष्टसंग लेखि २२औं दिन अर्थात मिति २०८२/०४/१२ गते अपरान्ह १२:०० बजे भित्र बुँदा नं २ अनुसारका कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

४. **धरौटी :**

४.१ जग्गा प्रवेश शुल्क वापत एकपटकको लागि प्रति रोपनी न्युनतम रु.१,१३,०००.०० (एक लाख तेह्र हजार रुपैयाँ मात्र) (मु.अ.कर सहित) निर्धारण गरिएको छ ।

४.२ प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रतिस्पर्धा गर्ने प्रयोजनका लागि प्रवेश शुल्क गोप्यरुपमा बढी कबोल गर्न सक्नेछ । विनियम १४ बमोजिम प्रवेश शुल्कलाई मुल्यांकनको आधार बनाइएको छ ।

४.३ आफुले कबुल गरेको प्रवेश शुल्कको दर बमोजिम जम्मा हुन आउने प्रवेश शुल्कको २५ प्रतिशतले हुने रकम तथा लिजमा लिने जमिनमा निर्मित संरचना सहितको कबोल रकम (मु.अ.क.सहित) को १० प्रतिशतले हुन आउने एकमुष्ठ रकम यस कार्यालयको नाममा श्री नेपाल बैंक लि. शाखा कार्यालय, हेटौडा औद्योगिक क्षेत्रको चल्ती खाता हि.नं.०५३००१०००२२३५३००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर प्रस्तावसाथ संलग्न गर्नुपर्ने छ ।

५. **प्रस्ताव खोलिने मिति र स्थानः** सार्वजनिक सुचना प्रकाशित भएको मितिले २२औं दिन मिति २०८२/०४/१२ गते दिउँसो २:०० बजे रित पूर्वक दाखिला भएका प्रस्तावहरु औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रिय कार्यालय, बालाजु तथा शाखा कार्यालय, हेटौडा औद्योगिक क्षेत्रमा प्रस्ताबदाता वा निजको प्रतिनिधिको (प्रतिनिधि नियुक्ति गरेको लिखित पत्रसाथ) रोहवरमा खोलिने छ । प्रस्ताबदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधापर्ने छैन ।

६. **बिदा परेमाः** प्रस्तावहरु खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त दिनको पछि लगत्तै कार्यालय खुलेको दिनमा दर्ता वा खोलिने कार्य गरिनेछ ।

७. **अधिकारः** प्रस्ताव स्वीकृत गर्ने वा कारवाही रद्ध गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयलाई हुनेछ ।



औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड शाखा कार्यालय हेटौडा औद्योगिक क्षेत्र मकवानपुर, नेपाल

८. **<u>प्रस्ताव माथि कारवाही नहुने:</u>** सिलवन्दी भई नआएको, म्यादभित्र पेश हुन नआएको, विनियम ९ बमोजिम फिर्ता लिएको प्रस्ताव, विनियम ७ बमोजिम योग्य नभएको प्रस्ताव, आपसमा मिलोमतो गरी दाखिला भएको, रद्द भएको प्रस्ताव, सर्तसहितको प्रस्तावहरु माथि कारवाही हुने छैन ।

९. **<u>कारवाही हुने:</u>** नक्कली कागजात पेश गरेको पाईएमा प्रस्ताव खरिद गर्न वा दाखिला गर्न आएको व्यक्ति वा फर्म उपर प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१०. **<u>हक हस्तान्तरण सम्बन्धमा :</u>** औद्योगिक क्षेत्रमा नँया प्रवेश हुने उद्योग ५(पाँच) बर्ष क्षेत्रमा पूर्ण रुपमा संचालन नगरी हक हस्तान्तरण (सम्पत्ति बेचविखन) गर्न नपाउने।

११. **<u>अन्य जानकारी:</u>** अन्य कुरा बुझ्न परेमा कार्यालय समयभित्र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड केन्द्रिय कार्यालय, बालाजु तथा शाखा कार्यालय, हेटौडा औद्योगिक क्षेत्रमा सम्पर्क गर्न सकिनेछ । यो सूचनाको विवरण औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको वेभसाईट www.izml.gov.np मा समेत उपलब्ध छ ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ (संशोधन सहित) एवं औद्योगिक क्षेत्र कार्य सञ्चालन तथा व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७१ साथै प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१३. **जग्गाको क्षेत्रफल तथा मुल्यांकित रकम :**

(क) तत्कालिन श्री बि.वाई.एस हेटौडा प्रा.लि. प्लट नं NE-9 , ६.०० (छ) रोपनीमा निर्मित संरचना सहितको मुल्यांकित रकम (जमिन बाहेक) रु.७,५३,१३७.७१ (रूपैया सात लाख त्रिपन्न हजार एकसय सैतिस र पैसा एकहत्तर, मु.अ.कर सहित)

(ख) प्लट नं S-57,१२.८५ (बाह्र दशमलव आठ पाँच) रोपनी (मुल्याङ्कित संरचना नभएको) ।

(ग) प्रस्तावदाताले प्रस्ताव पेश गर्दा साविक उद्योगको सम्पत्तिको माथी उल्लेखित मुल्यांकन रकम बुझाउन कबोल गरी प्रस्ताव पेश गर्नु पर्नेछ । तर उक्त रकममा बढावढ हुने छैन। मूल्यांकित रकम भन्दा बढी कबोल गरेमा पनि प्रस्तावको मुल्याङ्कनमा कुनै अंक प्रदान गरिने छैन । तर मुल्याङ्कित रकम भन्दा कम रकम कबोल गरेमा प्रस्ताव स्वतः रद्द हुनेछ ।

१३. लिजमा उपलब्ध गराइने जमिनको नाप नक्सा (लोकेशन प्लान) प्रस्ताव फाराम साथ संलग्न गरिएको छ।




